# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, साउन २२ गते २०६३ साल (अतिरिक्ताङ्क २६ (ग

## भाग ३

### नेपाल सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

**दुर्गम क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६३**

दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "दुर्गम क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधन: दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ मा रहेका "नियम ४" भन्ने शब्दहरूको सट्टा "दफा ४" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को,–

१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य रहनेछन्:–

| | |
|---|---|
| क) स्थानीय विकास मन्त्री वा राज्यमन्त्री | – अध्यक्ष |
| ख) दुर्गम क्षेत्रका जिल्लाका पूर्व सांसदमध्ये नेपाल सरकारबाट मनोनीत एकजना | – उपाध्यक्ष |
| ग) राष्ट्रिय योजना आयोगको सदस्य (स्थानीय विकास हेर्ने) | – सदस्य |
| घ) स्थानीय विकास मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |
| ङ) अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |
| च) गृह मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |
| छ) कृषि तथा सहकारी मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |
| ज) भौतिक योजना तथा निर्माण मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |
| झ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |
| ञ) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | " |

ट) दुर्गम क्षेत्रका जिल्लामध्ये प्रत्येक विकास क्षेत्रबाट एक एक जनाका दरले नेपाल



३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारबाट मनोनीत कम्तीमा दुई जना महिलासहित पाँच जना – "

ठ) लामामध्ये नेपाल सरकारबाट मनोनीत एक जना – "

ड) नेपाल सरकारले तोकेको नेपाल सरकारको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा समितिको कम्तिमा सह-सचिवस्तरको कर्मचारी – सदस्य-सचिव

(२) उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छः–

"(२क. उपदफा (२) को खण्ड (ख), खण्ड (ट), खण्ड (ठ) र खण्ड (ड) बमोजिमका उपाध्यक्ष, सदस्य तथा सदस्य-सचिवको पदावधि नेपाल सरकारले अगाडि नै हटाएकोमा बाहेक बढीमा चार वर्षको हुनेछ।"

४. मूल आदेशमा दफा ४क. थपः मूल आदेशको दफा ४ पछि देहायको दफा ४क. थपिएको छः–

"४क. समन्वय गर्नु पर्नेः दफा ४ बमोजिम परियोजना छनौट र कार्यान्वयन गर्दा समितिले सम्बन्धित जिल्ला विकास समितिसँग समन्वय गरी गर्नु पर्नेछ।"

५. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ मा रहेको "अध्यक्ष," भन्ने शब्द पछि "उपाध्यक्ष" भन्ने शब्द थपिएको छ।

६. मूल आदेशको दफा ८ मा संशोधनः मूल आदेशको दफा ८ को उपदफा (१) र (२) को सट्टा देहाएका उपदफा (१) र (२) राखिएका छन्ः–

"(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्ष र सदस्य-सचिव सहित एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल आदेशमा दफा ८क. थप: मूल आको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ:–

"८क. निर्देशन दिन सक्ने: नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।"

८. मूल आदेशको दफा ९ मा संशोधन: मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ:–

"९. नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियम बनाउन सक्नेछ । त्यस्तो नियम नेपाल सरकारको स्वीकृति प्राप्त भएपछि लागू हुनेछ ।"

९. मूल आदेशको दफा १० मा संशोधन: मूल आदेशको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:–

"१०. नेपाल सरकारसँग सम्पर्क: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।"

१०. रुपान्तर: मूल आदेशको ठाउँ-ठाउँमा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ ।

आज्ञाले,
भगवतीकुमार कापले
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो. ह द. नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२